संघीय संसद
राष्ट्रिय सभा
राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः १७८
मिति २०८०/०२/३१
समयः बिहान १०:३० बजे
प्रारम्भः बिहान १०:३५ बजे
अन्त्यः दिनको १२:५० बजे

छलफल तथा निर्णय :-

समितिको आज मिति २०८०/०२/३१ गते बसेको बैठकमा आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेखित जिल्ला निर्वाचन कार्यालयहरु खारेज गरी जिल्ला प्रशासन कार्यालयमा निर्वाचन इकाइ रहने व्यवस्था सम्बन्धमा सरकारको धारणा र राष्ट्रिय सुरक्षाका सम्बन्धमा माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्री नारायणकाजी श्रेष्ठ, गृह सचिव दिनेश कुमार भट्टराईसँग छलफल भई देहाय बमोजिम निर्णय भयोः-

१. नेपालको संविधानको आधारभूत चरित्रको रुपमा संविधानको प्रस्तावनामा अन्य कुराका अतिरिक्त जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको प्रबर्धन गर्दै सो प्रणालीको प्राणको रुपमा रहेको बालिग मताधिकार र आवधिक निर्वाचनलाई सुनिश्चित गरेको सन्दर्भमा संघीय संसदमा पेश भएको नेपाल सरकारको आगामी आर्थिक बर्षको राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) मा जिल्ला निर्वाचन कार्यालयहरुको खारेज गरी जिल्ला प्रशासन कार्यालयमा निर्वाचन इकाई रहने भनी प्रस्ताव भएकोले स्वतन्त्र संवैधानिक निकायको कार्य संविधानको भावना बमोजिम आवधिक निर्वाचनहरु स्वतन्त्र, स्वच्छ, निष्पक्ष, विस्वसनीय तवरले सम्पन्न गराउनु पर्ने हुँदा निर्वाचन आयोगसँग परामर्श गरी उक्त प्रस्तावको पूनरावलोकन गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र नेपाल सरकार गृह मन्त्रालयलाई निर्देशन दिने।

२. नेपालको संविधान बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक कर्मचारी र अन्य सहयोग गर्नु नेपाल सरकारको पनि दायित्व रहेकोले निर्वाचन आयोगलाई आवधिक निर्वाचनहरु स्वतन्त्र, स्वच्छ, निष्पक्ष, विश्वसनीय र मर्यादित वातावरणमा सम्पन्न गराउन आवश्यक सहयोग गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र नेपाल सरकार गृह मन्त्रालयलाई निर्देशन दिने। ।

३. समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(दिल कुमारी रावल थापा (पार्वती))
सभापति